प्रतापपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७८।०७९
च.नं. ११९३

मितिः २०७८/११/०१

०/८

श्री वडा कार्यालय (सबै)

**विषयः बेरोजगार व्यक्ति सूचिकरण हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार मन्त्रिपरिषद्को तत्कालिन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा आ.व. २०७९/२०८० को लागि रोजगार सेवा केन्द्र को समन्वयमा प्रदान हुने १०० दिनको न्यनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिहरुलाई तहाको वडा कार्यालयमा निवेदनको ढाँचा उपलब्ध गराउनका साथै उक्त निवेदनलाई वडा अध्यक्षबाट रुजु गराई तपसिल बमोजिमको समयभित्र यस प्रतापपुर गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा अधावधिक गर्नका लागि उपलब्ध गराईदिनु हुन अनुरोध छ।

तपसिल

१) वडा कार्यालयले मिति २०७८/११/०२ देखि २०७८/१२/०२ सम्ममा बेरोजगार व्यक्तिले भरेको निवेदन रोजगार सेवा केन्द्रमा उपलब्ध गराइसक्नु पर्ने छ ।

२) निवेदन को ढाँचा यसै पत्र साथ संलग्न गरिएको छ ।

३) निवेदकको फोटो-१ तथा नागरिकताको फोटोकपी-१ निजको निवेदन संग अनिवार्य संलग्न गरिएको हुनु पर्छ ।

४) साथै निवेदनको ढाँचा प्रतापपुर गाउँपालिकाको वेबसाइट pratappurmun.gov.np बाट डाउनलोड गर्न सक्नुहुने छ ।

कुन्दन कुमार सिंह
नि.प्रमुख प्रशासकीय अधिकृत

**नि. प्रमुख प्रशासकीय अधिकृत**